**आकाशवाणी खरसाङ- प्रादेशिक समाचार: नेपाली**

**मिति: २६ दिसम्बर २०२४**

**समय: १८:५०-१९:०० बजे**

मुख्य समाचार

- राष्ट्रपति द्रौपदी मुर्मूले भोलि प्रधानमन्त्री राष्ट्रिय बाल पुरस्कारको निम्ति चयनित नानीहरूलाई पुरस्कृत गर्नुहुनेछ ।
- प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भाजपाका लागि सुशासन एक दिनको घटनाक्रम नभई सरकारको विशेषता भएको बताउनु भएको छ ।
- दार्जीलिङ स्थित मंगलपुरी निवासी 84 बर्षीय इन्द्र प्रसाद शर्मासँगै उनको घर जलेर खरानी बनेको छ ।
- दार्जीलिङ चिडियाखानामा रहेको सेतो बाघ आकर्षणको मुख्य केन्द्र बिन्दु बनेको छ।
- पवित्र क्रिसमस पर्व दार्जीलिंग, खर्सांग, कालेबुंग ,मिरिक लगायत तराई,डुवर्स क्षेत्रका बिभिन्न गिर्जाघरहरुमा हर्षोल्लासका साथ पालन गरिएको छ।
- सुकुनामा आजदेखि सप्ताहव्यापी गोर्खा मेलाको आरम्भ भएको छ।

राष्ट्रपति द्रौपदी मुर्मू- राष्ट्रिय बाल पुरस्कार

राष्ट्रपति द्रौपदी मुर्मूले भोलि प्रधानमन्त्री राष्ट्रिय बाल पुरस्कारको निम्ति चयनित नानीहरूलाई पुरस्कृत गर्नुहुनेछ । यी पुरस्कारहरूको सात श्रेणीमा असाधारण उपलब्धीहरूका लागि १४ राज्यबाट १७ जना नानीहरुको चयन गरिएको छ। महिला एवं बाल विकास मन्त्रालय अनुसार, २६ दिसम्बरमा वीर बाल दिवस मनाइनेछ। यो राष्ट्रिय कार्यक्रम नयाँ दिल्ली स्थित भारत मण्डपममा आयोजना गरिनेछ। यस अवसरमा प्रधानमन्त्री राष्ट्रिय बाल पुरस्कारको निम्ति चयनित १४ राज्यबाट १७ जना नानीलाई राष्ट्रपति द्रौपदी मुर्मूले पुरस्कार प्रदान गर्नुहुनेछ । यस अन्तर्गत प्रत्येक पुरस्कार विजेतालाई एक पदक, प्रमाणपत्र र प्रशस्ति पत्र पुस्तिका प्राप्त हुनेछ। प्रधानमन्त्री नरेन्द्र मोदीले भारत मण्डपममा भारतको भविष्यको आधारशिलाको रुपमा बालबालिकालाई सम्मान गर्ने राष्ट्रव्यापी उत्सव 'वीर बाल दिवस' मा भाग लिनुहुनेछ । यस अवसरमा उहाँले सभालाई सम्बोधन पनि गर्नुहुनेछ । प्रधानमंत्री श्री मोदीले 'सुपोषित ग्राम पंचायत अभियान' को शुभारंभ गर्नुहुनेछ । यसको उद्देश्य पोषण सम्बन्धी सेवाहरूको कार्यान्वयनलाई सुदृढ गर्दै

पोषण परिणाम र कल्याणमा सुधार गर्नु रहेको छ ।

प्रधानमंत्री नरेन्द्र मोदी

प्रधानमन्त्री नरेन्द्र मोदीले पूर्वप्रधानमन्त्री अटल बिहारी बाजपेयीको १०० औँ जन्मजयन्तीको अवसरमा आज मध्य प्रदेशको खजुराहोमा देशकै पहिलो महत्वाकांक्षी तथा बहुउद्देश्यीय केन–बेतवा राष्ट्रिय नदी सम्पर्क परियोजनाको शिलान्यास गर्नुभयो। यस अवसरमा प्रधानमन्त्री श्री मोदीले देशकै पहिलो ओमकारेश्वर फ्लोटिङ सोलार परियोजनाको पनि उद्घाटन गर्नुभयो । उहाँले 11 सय 53 अटल ग्राम सुशासन भवनहरुको लागी भूमि पूजन पनि गर्नुभयो । श्री मोदीले श्री अटल बिहारी बाजपेयीको स्मृतिमा एक स्मारक डाक टिकट र सिक्का पनि जारी गर्नुभयो। प्रधानमन्त्री श्री मोदीले भाजपाका लागि सुशासन एक दिनको घटनाक्रम नभई सरकारको विशेषता भएको बताउनुभयो। उहाँले भाजपा सरकार सुशासनका लागि हरेक मापदण्डमा काम गर्ने र जनताप्रति समर्पित रहेको बताउनुभयो ।

केंद्रीय सहकारिता मंत्री अमित शाह

केन्द्रीय सहकारिता मन्त्री अमित शाहले आज नयाँ दिल्लीमा दस हजार भन्दा अधिक नवस्थापित बहुउद्देश्यीय प्राथमिक कृषि सहकारी संस्थाहरू राष्ट्रलाई समर्पित गर्नुभयो । यी समितिहरू पशुपालन र मत्स्यपालनसँग पनि सम्बन्धित छन्। श्री शाहले नवगठित संस्थाहरुलाई दर्ता प्रमाणपत्र, रुपे किसान क्रेडिट कार्ड र मिनी एटिएम समेत वितरण गर्नुभयो । तिनीहरूलाई पंचायतहरूमा क्रेडिट सेवाहरूमा पहुँच प्रदान गर्न र वित्तीय समावेशीकरणलाई बढावा दिनको लागि डिजाइन गरिएको छ।

प्रधानमन्त्री -स्वामित्व योजना

प्रधानमन्त्री नरेन्द्र मोदीले आउदो शुक्रबार स्वामित्व योजना अन्तर्गत ५० लाखभन्दा अधिक कार्ड वितरण गर्नुहुनेछ । श्री मोदीले यस योजनाका लाभार्थीहरूसँग पनि अन्तरक्रिया गर्नुहुनेछ। यस योजना अन्तर्गत, गाउँमा बसोबास गर्ने प्रत्येक सम्पत्ति मालिकलाई अधिकारको रेकर्ड हस्तान्तरण गरिनेछ। पंचायती राज मन्त्रालयले भनेको छ- स्वामित्व योजनाले यी जमिन मालिकहरूलाई उनीहरूको सम्पत्तिको मुद्रीकरण सक्षम गरेर र सम्पत्ति सम्बन्धी विवादहरू कम गरेर क्रेडिट प्राप्त गर्न मद्दत गर्नेछ। पंचायती राज सचिव विवेक भारद्वाजले पत्रकारहरु सँग बातचित गर्नुगर्दै यस योजना अन्तर्गत ड्रोन निरीक्षणको माध्यमबाट लगभग ३ लाख १७ हजार गाउँहरूको निरीक्षण गरिएको बताउनु भएको छ ।

दार्जीलिंग -आगलागी

दार्जीलिङ स्थित मंगलपुरी निवासी 84 बर्षीय इन्द्र प्रसाद शर्मासँगै उनको घर जलेर खरानी बनेको छ । हिज मध्य राती इन्द्र प्रसाद शर्मा सुतिरहेको अवस्थामा उनको काठले निर्माण भएको घरमा आगो लागेको

स्थानीय गाउँलेहरूले बताएका छन्। गाउँलेहरूले इन्द्र प्रसाद शर्मा उनको घरभित्रै थिए भन्ने थाह थियो, तर उनको घरमा यति भयावह तरिकाले आगो दन्किरहेको कारण  गाउँलेहरू घरभित्र पसेर इन्द्र प्रसादलाई बाहिर निकाल्ने आँट गर्न सकेनन्। पछी गाउँलेहरूले इन्द्र प्रसादको घरमा लागेको आगोलाई नियन्त्रणमा ल्याउने कार्य गरे, तर इन्द्र प्रसादको कुनै पत्तो लगाउन सकेनन्। जसको शव आज  बिहान मात्रै क्षत-विक्षत अवस्थामा गाउँलेहरूले फेला पारे। उनको शवलाई उद्धार गरी  पोस्टमार्टमको लागि पठाइएको जानकारी प्राप्त भएको छ l

दार्जीलिंग -सेतो बाघ

दार्जीलिङ चिडियाखानामा  सेतो बाघ ल्याइएको छ जो यतिबेला आकर्षण को मुख्य  केन्द्र बिन्दु बनेको छ। दुर्लभ  प्रजातिको  यो सेतो बाघ क्रिसमसको अवसरमा दार्जीलिंग घुम्न आउने पर्यटकहरूका लागि एक मुख्य उपहार पनि बनेको छ।

दार्जीलिंग पहाड -क्रिसमस पालन

पवित्र क्रिसमस पर्व प्रत्येक बर्ष झै यस बर्ष पनि दार्जीलिंग खर्संग कालेबुंग मिरिक लगायत तराई डुवर्स क्षेत्रका बिभिन्न गिर्जाघरहरुमा हर्षोल्लासका पालन गरिएको जानकारी प्राप्त भएको छ l प्राप्त जानकारी अनुसार,  खर्साङ स्थित सन्त पावल गिर्जाघरमा हर्षोल्लासका साथ भक्तिपूर्ण वातावरणमा क्रिसमस पालन गरियो। यस  अवसरमा कोयर ग्रुप लगायत क्रिसटिन ,युथ,अनि पल्लीका सीनियर सदस्यहरूबाट मनमोहक भजनहरू प्रस्तुति गरिएको थियो  ।राज्यकी मुख्यमन्त्री सुश्री  ममता ब्यानर्जी द्वारा पठाइएको  शुभकामना सन्देश पनि पठन गरियो  l यसरीनै मिरिक महकुमाको फुवागड़ी आरधना  चर्च, सुके पोख्रेबोङ क्षेत्रको विभिन्न गिर्जाघरहरूमा पनि  बड़ादिन खुबै हर्षोल्लासका साथ पालन गरिएको जानकारी प्राप्त भएको छ  l यस अवसरमा क्यारल गीत,बाइबल वचन,नृत्य,केक काटेर वितरण गरिनुका साथै प्रितिभोज समावेश गरिएको थियो।

सुकुना गोर्खा मेला

सुकुनामा आजबाट सप्ताहव्यापी गोर्खा मेला आरम्भ भएको छ। सुकुना उच्च विद्यालयको खेल मैदानमा आयोजित यस गोर्खा मेलाको उद्घाटन प्रमुख अतिथि जीटीएका प्रमुख कार्यपाल अनित थापाको बाहुलीबाट रिबन काटेर गरियो। गोर्खा जातिको संस्कार, संस्कृति, भेषभूषा अनि खानपिनको संरक्षण गर्न अनि युवा तथा बालबालिकाहरूलाई यसको महत्त्वबारे अवगत गर्न यस मेलाको आयोजना गरिएको आयोजक समितिले जनाएको छ। मेलामा विभिन्न गोर्खा भेषभूषा, खानपिन साथै संस्कार -संस्कृति झल्काउने किसिमका स्टलहरू राखिएका  छन् । प्रमुख अतिथि श्री थापाले ती स्टलहरूको भ्रमण गर्नुहुदै गोर्खा मेलाले आजको युवा पीडिमा संस्कार , संस्कृति अनि परम्परा संरक्षण को दिशा सकरात्मक प्रभाव पर्ने बताउनु

भएको छ। कार्यक्रममा  आज सुकुना पानीघट्टा समष्टिका सभासद् परेश तिर्की लगायत विभिन्न व्यक्ति विशेषको उपस्थिति रहेको थियो। आगामी 1 जनवरी 2025 का दिन चर्चित गायक अनमोल गुरुङको आकर्षक प्रस्तुति संगै मेलाको समापान गरिने आयोजक  समितिले जानकारी दिएको छ l

आँगनवाड़ी ऱ्याली

पश्चिमबंगाल आंगनवाड़ी सहायक कल्याण समितिले आगामी ३१ दिसम्बरसम्म सरकारद्वारा आंगनवाड़ी कर्मीहरुको पदोन्नति नियुक्ति पत्र नदिए १ जनवरीदेखि जीटीए क्षेत्रभरिका सम्पूर्ण आइ.सी .डी. एस सेण्टर बन्द गर्ने कठोर  चेतावनी दिएको छ l साथै आवश्यक परेको खण्डमा संगठनले रिले अनशनमा बस्ने समेत निर्णय लिएको छ। संगठनले बताए अनुसार, आइ.सी.डी.एस. का कर्मीहरू पदोन्नतिको परीक्षामा गत मार्चमा नै बसेका थिए, जसको परिणाम आजसम्म घोषणा भएको छैन । यसर्थ, ती परीक्षार्थीहरुलाई चाँडो नियुक्ति पत्र दिनुपर्छ भनी संगठनले सोमवार दार्जीलिङ शहरमा एउटा रयाली पनि निकालेको थियो।

घुम – शीतकालीन शिविर

घुम जोरबङलो फुटबल अकादमीले हरेक वर्ष झैं यस वर्ष पनि घुम बोइज उच्चतर मध्यामिक विद्यालयमा शीतकालीन शिविरको  आयोजना गर्यो । विशेष गरी शितकालिन विदामा विद्यार्थी नानीहरूको  मानसिक अनि शारीरीक स्वास्थ्यलाई ध्यानमा राख्दै विभिन्न बर्गका  बालबालिकाहरूले प्रशिक्षण लिन सक्ने अर्जुन राईले जानकारी दिनुभएको छ l

जलपाईगडी -आगलागी

जलपाईगुड़ी जिल्लाको नागराकाटा खण्ड अन्तर्गत जिती चिया बगानमा आज आगो लागेर एउटा घर खरानी भएको छ । जिती चिया बगानाको गोपाल लाइनमा रहेको मुन्ना प्रधानको घरको भान्सा कोठाबाट आगो सल्केको बताइएको छ ।  उक्त आगलागीमा ग्यास सिलेन्डर पड्किएपछि आगो चारैतिर फैलिएको स्थानीयहरूले बताएका छन्। घटनाको सुचना पाए पछि मालबजार अग्निशमन विभागका कर्मचारीहरूले आगो नियन्त्रणमा ल्याउने कोशिस गरेता पनि घर पूर्ण रूपमा खरानी भइसकेको  थियो।

कोलकाता उच्च न्यायालय पार्थ चटर्जी

कोलकाता  उच्च अदालतको एकल पीठले पश्चिम बङ्गालका पूर्व शिक्षामन्त्री तथा तृणमूल काङ्ग्रेसका पूर्व महासचिव पार्थ चटर्जी र अन्य चार जनालाई केन्द्रीय अनुसन्धान ब्युरोले दर्ता गरेको विद्यालयका लागि नगद सम्बन्धी मुद्दामा जमानत दिन अस्वीकार गरेको छ । गत १७ दिसम्बरमा सुनुवाइ सकिए पनि न्यायाधीश तपब्रत चक्रवर्तीको एकल पीठ ले फैसला सुरक्षित राखेको थियो ।

प्राथमिक शिक्षा घोटाला

प्राथमिक शिक्षकहरूको भर्ती घोटालाको अनुसन्धानको भागको रूपमा, प्रवर्तन निदेशालयले अब 'लिप्स एण्ड बाउन्ड्स' को सम्पत्तिमा कडाई गर्न शुरु गरेको छ। ईडीले अभिषेक बनर्जीको कम्पनी 'लिप्स एन्ड बाउन्ड्स' को बैंक खातामा जम्मा भएको २.७० करोड रुपियाँ जफत गर्ने प्रक्रिया शुरु गरेको जनाएको छ । उक्त खातामा भ्रष्टाचारको रकम जम्मा भएको थियो । यसै वर्षको जनवरीमा ईडीले 'लिप्स एन्ड बाउन्ड्स' को ८ वटा अचल सम्पत्ति जफत गरेको थियो, जसको अनुमानित मूल्य ७.४६ करोड रुपियाँ रहेको थियो । ईडीले यी बैंक खाताहरू जफत गर्न दिल्लीको "न्यायिक प्राधिकरण" सँग अनुमति मागेको छ।